नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक २०७ २०७६ साल चैत ६ गते बिहीबार (19 Mar. 2020 Thursday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : प्रदेश र राजधानीको ... ३ पृष्ठमा : अन्योलपूर्ण बन्दै प्रदेश३ पृष्ठमा : पाकिस्तानी प्रधानमन्त्रीद्वारा कोभिड-१९ ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# एसइइ स्थगित, चैत मसान्तसम्म विद्यालय कलेज पनि बन्द

**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत ।**

चैत ६ गते बिहीबारदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) सरकारले स्थगित गरेको छ भने सरकारले सम्पूर्ण विद्यालय र कलेज चैत मसान्तसम्मका लागि बन्द गर्ने निर्णय समेत गरेको छ ।

कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले एसइई परीक्षा स्थगित गर्ने निर्णय गरेको हो ।

स्थगित परीक्षा कहिले सञ्चालन गर्ने भन्ने बारे सरकारले निर्णय गरेको छैन । यस वर्ष चार लाख ८२ हजार ७०७ विद्यार्थीले एसईई परीक्षा दिँदै थिए ।

यस्तैसोही बैठकले चैत मसान्तसम्म विद्यालय तथा कलेज बन्द गर्ने निर्णय समेत गरेको छ । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल नेतृत्वको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समितिले बुधबार २०७६ चैत मसान्तसम्मका लागि बन्द गर्ने निर्णय गरेको हो ।

बाल विकास केन्द्र तथा आधारभूत विद्यालय पनि बन्द गर्ने निर्णय गरिएको छ । कक्षा ११ र १२, स्नातक, स्नातकोत्तर लगायतका परिक्षा के हुने भन्नेबारे चाहिँ निर्णयमा उल्लेख गरिएको छैन ।

कोभिड १९ नामक कोरोना भाइरसको संक्रमणबाट विश्वव्यापी रुपमा फैलिरहेका वेला सरकारले यो निर्णय गरेको हो ।

सप्तरीबाट नौ हजार १ सय ४० विद्यार्थी एसइई परीक्षामा सहभागी हुदै थिए । तीमध्ये चार हजार ५ सय ३१ छात्र र चार हजार ६०९ छात्रा रहेको शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीका प्रमुख फणिन्द्र खत्रीले जानकारी दिएका छन् ।

नियमिततर्फ आठ हजार ४६८, एक्जाम्टेडतर्फ १३६ र अपग्रेडिङतर्फ ५३३ विद्यार्थीका लागि ३४ परीक्षा केन्द्र तोकिएको थियो । जसमध्ये ३३ परीक्षा केन्द्र नियमिततर्फका विद्यार्थीका लागि र एउटा केन्द्र एक्जाम्टेड र अपग्रेडिङका विद्यार्थीका लागि निर्धारण गरिएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख खत्रीले बताए ।

यसैबीच माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) को सम्पूर्ण तयारी पूरा भएको जनाएको थियो । परीक्षाका लागि देशभर एक हजार ९९५ परीक्षा केन्द्र निर्धारण गरिएको थियो । परीक्षामा प्राविधिक धारतर्फ नौ हजार ५०९ परीक्षार्थी सहभागी हुदै थिए ।

त्यस्तै कूल परीक्षार्थीमा ग्रेड वृद्धितर्फ १६ हजार २४२ र प्राविधिकतर्फ १३९ परीक्षार्थी सहभागी हुने थिए । सबैभन्दा धेरै परीक्षार्थी वाग्मतीबाट एक लाख तीन हजार ६६७ र थोरै कर्णाली प्रदेशबाट ३६ हजार ४३६ सहभागी हुदै थिए ।

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

अनुरोधकर्ता : प्रभाकर यादव, प्रमुख
जिल्ला समन्वय समिति, सप्तरी

# निर्माण कार्य सुस्त भएको भन्दै स्थानियको विरोध र प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत ।**


सडक तथा नाला निर्माण कार्य सुस्त भएको र समस्या परेको भन्दै राजविराज नगरपालिका २ अरसाही पोखरी टोलका स्थानियहरु आक्रोसित भएका छन् ।

उनीहरुले बुधबार प्रदर्शन गर्दै सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय पुगेको अबिलम्ब उक्त निर्माण कार्यलाई गति नदिए आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

निर्माण कार्यको ठेक्का पाएका रोशण कन्ट्रक्सनले सुस्त गतिमा काम गर्दा आफुहरु समस्यामा परेको भन्दै स्थानियले कार्यालय प्रमुख रमेश थिंग सँग खेलाँची गर्ने ठेकेदार कम्पनी माथि कारवाही गर्न माग समेत गरेका छन् ।

अधुरो नाला निर्माण कार्यका कारण बर्षाका बेला पानी जम्ने, डुमान हुने र फोहोर मैला जमेर लामखुट्टेको प्रकोप फैल्नुका साथै बस्ती नै दुर्गन्धित बनेको तथा नाला बनाउन घर अगाडी खनिएको गहिलो खाडलमा सुरक्षाका लागि केही नराख्दा

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## स्थानीय तहसँग समन्वय गर्न सातै प्रदेशमा सम्पर्क व्यक्ति

काठमाडौं, ५ चैत (रासस)। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहसँग समन्वय र सहजीकरण गर्न सम्पर्क व्यक्ति (फोकल पर्सन) तोकेको छ।

मन्त्रालयका स्थानीय तथा समन्वय शाखाका प्रमुख बाबुराम अधिकारीले कोरोना भाइरस (कोभिड-१९)को सजगता, रोकथाम र नियन्त्रण गर्न तथा स्थानीय तहका समस्या समाधान गर्न समन्वयकारी भूमिका निभाउन सातवटै प्रदेशमा उपसचिवलाई सम्पर्क व्यक्ति तोकिएको बताउनुभयो।

उहाँका अनुसार प्रदेश नं १ मा उपसचिव प्रह्लादकुमार कार्की, प्रदेश नं २ मा उपसचिव ऋषिराज आचार्य, वाग्मती प्रदेशमा उपसचिव महेन्द्रकुमार सापकोटा, गण्डकी प्रदेशमा उपसचिव बाबुराम भुसाल, प्रदेश नं ५ मा उपसचिव डिलाराम पन्थी, कर्णाली प्रदेशमा उपसचिव रामप्रसाद वाग्ले र सुदूरपश्चिम प्रदेशमा उपसचिव रेशमलाल कँडेललाई सम्पर्क व्यक्ति तोकिएको छ।

सम्पर्क व्यक्तिले स्थानीय तहबाट प्राप्त गुनासा तथा सवालको सहजीकरणको समग्र व्यवस्थापन गर्ने, स्थानीय तहबाट अनुरोध भएका विषयमा सम्बन्धित सम्पर्क व्यक्तिबाट प्राप्त विवरणका आधारमा आवश्यक निर्णयका लागि सहजीकरण गर्ने, सम्पर्क व्यक्तिको समन्वय गर्ने र हरेक १५ दिनमा समीक्षा गरी मन्त्री र सचिवलाई प्रतिवेदन बुझाउने, प्रदेश समन्वय परिषद् वा अन्तर प्रदेश परिषद्बाट सहजीकरण वा निर्णय हुनुपर्ने विषय भए विवरण तयार गरी सम्बन्धित परिषद्मा पठाउने व्यवस्था मिलाउने र आवश्यकताअनुसार सम्बन्धित स्थानीयत तहको स्थलगत निरीक्षण गर्ने/गराउने छन्।

यसैगरी कोभिड-१९ को सजगता नियन्त्रण र रोकथामका लागि स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गर्ने, प्रत्येक दिन कोभिड-१९ को चेकजाँचको विवरण स्थानीय तहबाट सङ्कलन गर्ने, कोभिड-१९ सँग सम्बन्धित अन्य कुनै सूचना वा जानकारी भए सोको सङ्कलन गरी मन्त्रालयमा पठाउनेजस्ता कार्य गर्न तोकिएको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# प्रदेश र राजधानीको नामाकरणमा जुंगाको लडाई



*अमरनाथ मण्डल*

नेपाल भरीमा विभेदको शिकार भोगेका मधेशी समुदायहरु वर्षौ-वर्षौदेखि आफ्नो अधिकारको लडाई लड्दै आएको उपज महान मधेश आन्दोलन विश्वको इतिहासमा ऐतिहासिक सार्थक पाएका मध्येमा एक अधिकारको आन्दोलन रहेका थिए। राणा शासनकाल देखि पञ्चायती शासनकाल तथा प्रजातन्त्रको परिवेशमा मधेश र मधेशी माथि गरिएका विभेद दमन र शोषणको पाराकाष्ठाले विभेदीकरण विरुद्ध मधेशी जनताहरुले एक जुट भई महान मधेश आन्दोलनको शंखनाद तर शोषण र दमनको आवाज उठाई रहेको मधेशी दल, मधेशी आन्दोलनकारीहरुलाई सधै षडयन्त्रपूर्वक वार्ताको नाउँमा धोखा दियो। जसको फलस्वरुप अहिले पनि राज्यका विभिन्न स्तर र सेवा अधिकारहरुमा मधेशी जनताले प्रत्याभुति पाउँन सकिरहेको छैन।

आन्दोलनहरुले दिएका जन आदेशको विपरीत शासकवर्गहरुले सधै मधेशका आन्दोलनकारीहरुलाई धोका दिने प्रवृतिको निरन्तरता यस पल्टको महान मधेश आन्दोलनमा पनि त्यही गतिको स्वरुपलाई दोहोऱ्याएका छन्। मधेशी आन्दोलनका मुख्य एजेण्डा मधेश एक प्रदेश अर्थात् मधेश प्रदेशको गठन हुनु र संविधान सशोधन गरी मधेशीहरुको अधिकारको लागि संविधानमा व्यापक रुपमा समाहित गर्नु मधेश आन्दोलनको मुख्य मर्म रहेको थियो। तर वार्ताको नाउँबाट मधेशी दलका नेताहरुलाई सधै धोका दिने प्रवृतिको स्वरुप न त संविधान संशोधन गरियो, न त मधेश एक प्रदेशको स्वरुपलाई स्थापित गऱ्यो। बरु मधेशका प्रमुख अङ्गको रुपमा रहेका झापा, मोरङ्ग, सुनसरी, बाँके, बर्दिया, कैलाली मधेशको मुटु रहेको जिल्लाहरुलाई मधेश भावना अनुरुप २ नम्बर प्रदेशको गठनमा समाहित गरेनन्। जसले गर्दा मधेश एक प्रदेशको आवधारणा अर्थात् मधेश प्रदेशको सपना त्यस्तै रहयो। मधेशी जनताले र मधेश दलका नेताहरुले आठ जिल्लामा मात्र सन्तोषको आगो ताप्नु पऱ्यो जसले गर्दा आन्दोलनको मर्म र भावना विपरित शासकवर्गहरुले कुटनीतिवाट धोका दियो।

अहिले मधेशी जनताहरु सधै धोका पाएको बेला फेरि एकचोटी आठ जिल्ला मात्रै समाहित रहेको २ नम्बर प्रदेशलाई अनेकौ षडयन्त्रको जालफेल बुन्न थालेको छ। पहिले उपेन्द्र यादवलाई सात्ताको मोह देखाई सरकारमा समाहित गरियो। पछि गरेर उपेन्द्र जीलाई सात्ताबाट बाहिरिन दवाव दियो। जसको फलस्वरुप समाजवादीले सरकार छोडियो। समाजवादीका अध्यक्ष उपेन्द्र यादवले यस स्तम्भकारसँग एक भेटमा सात्ताधारी नेकपाले राजपा र समाजवादीको २ नम्बर प्रदेशको सरकार विघटन गर्न प्रस्ताव राखेको उपेन्द्र जीले बताउनुभयो। तर, हामीले त्यो प्रस्तावलाई अस्वीकार गरेको कारण हामीले सरकारबाट बाहिरिन बाध्य पऱ्यो। यता राजपालाई पनि दुई बुँदे सहमति गरी राष्ट्र सभामा दुई सिटको लागि सम्झौता गरियो। पछि गएर राजपालाई समाजवादीको सरकार दुई नम्बर प्रदेशमा विघटन गर्न दवाव दियो। यसले के देखाउँछ भने हिन्दीको एउटा उखानमा भने जस्तै 'फुट डालो और राज करौं' सिद्धान्तलाई नेकपाले राजपा र समाजवादी बीच प्रयोग गरियो। तर मधेशी जनताको मर्म र भावनालाई सम्मान गरी यी दुई पार्टीले २ नम्बर प्रदेशको सरकारलाई विघटन तिर लगेन।

अहिले मधेशको आठ जिल्लालाई मात्रै समाहित गरी गठन गरिएको २ नम्बर प्रदेशमा प्रदेशको नामाकरण तथा राजधानीको छनौटमा सात्ताधारी दलले तथा काँग्रेस जस्तो पार्टीले विवादको स्थिति सिर्जना गरी। मधेशको मर्म अनुसार मधेश आन्दोलनले दिएको जनादेश मधेश प्रदेशको सवालमा विभाजन गरी मधेशका जनताबाट निर्वाचित भएका प्रदेश सभासदहरु चाहे त्यो नेकपा होस काँग्रेस होस तथा राजपा र समाजवादी होस। मधेश आन्दोलनले दिएका जनादेश मधेश प्रदेश आन्दोलनको बेला आन्दोलनकारीहरु तथा मधेश प्रदेशको लागि शहादत दिएका शहिदहरुको अन्तिम वाक्य मधेश एक प्रदेश रहेकोले राजपा र समाजवादीले सारिएका मधेश प्रदेशलाई सबै दल मिली मधेश आन्दोलनलाई सम्मान गर्नुपर्ने अवस्था थियो। तर काँग्रेस र नेकपाले गरेका मनोभावनाहरु के देखाउँछ भने प्रदेश २ मा विभाजनको मनोस्थितिलाई सिर्जना गरी विश्व पटलमा मधेश आन्दोलनबाट सिर्जित भएका प्रदेश २ को सरकारलाई तथा मधेशको जनताको आस्थाको प्रदेश २ लाई बदनाम गर्ने रहेको छ। यसको लागि शासकवर्गहरुबाट कटुलताका साथ आफ्ना मनसायहरु यसपालिको प्रदेश नामाकरण तथा राजधानी नामाकरण देखिएको छ।

मधेश आन्दोलनको मर्म मधेश एक प्रदेशको सन्दर्भ लिएर राजपा र समाजवादीले राखेको प्रस्तावलाई सबै प्रदेश २ का राजनैतिक दलहरुले सम्मान गर्नुपर्ने अवस्थाको सिर्जना गरी दलिय स्वार्थभन्दा उठी एकरुपताका साथ सबै दलले मधेश प्रदेश तथा माता जानकीको जन्म हुने जनकपुरलाई राजधानी तय गर्नुपर्ने अवस्थाको सिर्जना गर्नुपर्ने हुन्छ। नत्र विभेदको लडाई लडि रहेका मधेशी समुदायहरुले अधिकारको लडाईमा एकरुपताको पुनः आवश्यकता देखिन्छ।

अहिले भावना र मर्मको विपरीत मधेशबाट नै मधेशी जनताको मतबाट सभासद बनेकाहरु पार्टीगत रुपमा जुङ्गाको लडाईको आधार बनाई आठ जिल्लामा मात्रै समाहित गरिएका दुई नम्बर प्रदेशलाई प्रदेशको नामाकरण तथा राजधानीको नामाकरणमा विवाद गरिएको सन्दर्भ लिएर अहिले मधेशी समुदायहरु मधेशमा रहेका जुनसुकै दलहरुलाई हामीले मत दिई प्रदेशसभामा पठाएको अवस्थामा मधेश आन्दोलनको एक मात्र आवाज मधेश एक प्रदेशलाई अर्थात् मधेश प्रदेशलाई नामाकरणमा विवाद गरिएको प्रति निराशको वातावरण सिंर्जना भएको छ। प्रदेश २ मा रहेका नेकपा तथा काँग्रेस र राजपा समाजवादीले मधेशी जनताको भावना अनुरुप प्रदेशको र राजधानीको नामाकरणमा स्थान निर्धारण गर्नुपर्ने आमधारणा रहेको छ भने दलिय स्वार्थबाट माथि उठि विवादलाई प्रदेशको नामाकरण सवालमा नबनाई एकचोटी मधेश एकताको रुपलाई विश्वको पटलमा राख्नुपर्ने अवस्था देखिन्छ।

# कोभिड-१९ : विद्यालय र विश्वविद्यालय बन्द, २५ भन्दा बढी भेला हुन नपाइने

काठमाडौं, ५ चैत (रासस)। सरकारले बाल विकास केन्द्र, आधारभूत तथा माध्यमिक विद्यालय र विश्वविद्यालयका पठनपाठन यही चैत मसान्तसम्मका लागि बन्द गर्ने भएको छ। कोभिड-१९ सङ्क्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बुधबारको बैठकले कोरोना भाइरस रोकथामका लागि चलचित्रघर, सांस्कृतिक केन्द्र, रङ्गशाला, खेलस्थल, शारीरिक व्यायामस्थल, हेल्थ क्लब, सङ्ग्रहालय, स्विमिङपुल, मनोरञ्जनस्थल, डान्सबार तथा क्लबलाई भने आगामी वैशाख १७ गतेसम्मका लागि बन्द गर्ने निर्णय गरेको छ।

समितिका संयोजक तथा उपप्रधानमन्त्री ईश्वर पोखरेलको अध्यक्षतामा सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको समितिको बैठकले अत्यावश्यक कामबाहेक आवतजावत तथा हिँडडुल नगर्न आग्रह गरिनाका साथै पार्टीप्यालेस, मठमन्दिर, गुम्बा, मस्जिद, गिर्जाघरजस्ता सांस्कृतिक, सामाजिक र धार्मिकस्थलमा २५ जनाभन्दा बढी मानिस भेला हुन बन्द गर्ने निर्णय गरेको छ।

त्यसैगरी सरकारले युरोपका सबै मुलुक, पश्चिम एशियालगायत खाडी क्षेत्रका मुलुक, इरान, टर्की, मलेसिया, दक्षिण कोरिया र जापानबाट आउने तथा ती मुलुकलाई ट्रान्जिट बनाई अन्य जुनसुकै मुलुकबाट आउने सबै यात्रुलाई यही चैत ७ गते रातिदेखि लागू हुने गरी आगामी वैशाख ३ सम्म आगमनमा प्रतिबन्ध लगाउने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले जानकारी दिनुभयो।

सरकारले बिहीबारदेखि शुरु हुने माध्यमिक शिक्षा परीक्षा(एसइई) प्रत्येक परीक्षा केन्द्रमा स्वास्थ्य जाँचसहितको सहायता कक्ष स्थापना गरी सुरक्षित एवं व्यवस्थितरुपमा सम्पन्न गर्ने भएको छ। कोभिड-१९बाट सङ्क्रमण भई उपचार गर्नुपर्ने भएमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेका सरकारी, सामुदायिक र निजी अस्पतालबाट उपचार गराउने व्यवस्था मिलाउने निर्णयसमेत गरिएको छ। त्यसको अनुगमन गृह, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्नेछन्।

बैठकले सार्वजनिक सवारी साधनमा सिट क्षमताभन्दा बढी यात्रु ओसारपसार नगर्ने, नगराउन यातायात व्यवसायी र सर्वसाधारण नागरिकलाई अनुरोध गर्ने निर्णय गरेको अर्थमन्त्री डा खतिवडाले जानकारी दिनुभयो। मानिसको बढी जमघट हुने सार्वजनिक महत्वका स्थलमा स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) ले दैनिकरुपमा निश्चित समयको अन्तरालमा सरसफाइ गर्नुपर्ने र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र स्थानीय प्रशासनले आवश्यक समन्वय गरी उक्त कार्यको अनुगमन गर्ने उहाँको भनाइ छ। बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ, "बजारमा उपभोग्य सामग्रीको कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी र मिसावट गर्ने/गराउनेलाई तत्काल प्रचलित कानूनबमोजिम

*बाँकी तीन पृष्ठमा*

# अन्योलपूर्ण बन्दै प्रदेश २ का नामकरण र राजधानी

**राजु विश्वकर्मा**
लहान, ५ चैत (रासस)।

प्रदेश २ को नामकरण र राजधानीको विषय थप पेचिलो र अन्योलपूर्ण बनेको छ। प्रदेशको नामकरणमा राजनीति दलबीच सहमति नभएपछि मतदान प्रक्रियाबाटै नामकरण र राजधानी टुङ्ग्याउन खोजिए पनि कुनै पनि प्रस्तावको पक्षमा दुई तिहाइ मत पुग्न सकेन।

प्रदेश २ को नामकरणका लागि प्रदेशसभामा विभिन्न दलले छुट्टाछुट्टै चारवटा नाम दर्ता गराएका थिए। सत्तापक्ष समाजवादी पार्टी र राजपाले मधेश प्रदेश, प्रमुख प्रतिपक्षी दल नेकपाले जानकी प्रदेश, अर्को प्रतिपक्षी दल नेपाली काँग्रेसले मिथिला भोजपुरा प्रदेश र अन्य केही प्रदेशसभा सदस्यले मध्य मधेश प्रदेशको नाम दर्ता गराएको प्रदेशसभा सचिवालयले जनाएको छ।

यस्तै प्रदेश २ को स्थायी राजधानी जनकपुरलाई राख्नुपर्ने, परिवर्तन गरी राजधानी वीरगञ्ज बनाउनुपर्ने र वीरगञ्ज तथा निजगढ क्षेत्रलाई समेटिएर राजधानी राख्नुपर्ने गरी तीनवटा प्रस्ताव प्रदेशसभामा दर्ता थिए।

दर्ता भएका नामकरणका चार र राजधानीसम्बन्धी तीन गरी सातवटै प्रस्तावमा मङ्गलबार मतदान भएको थियो। पालैपालो भएको सो मतदानमा कुनै पनि प्रस्तावको पक्षमा दुई तिहाइ बहुमत नआएपछि प्रदेशको नामकरण र राजधानीको विषय थप पेचिलो र अन्योलग्रस्त बनेको प्रदेशसभा सदस्य बताउनुहुन्छ।

प्रदेशसभा सदस्य तथा राजपाका नेता मनिष सुमन भन्नुहुन्छ, "मतदान प्रक्रियाबाट पनि परिणाम नआएपछि प्रदेश २ को नामकरण र राजधानीको विषय थप पेचिलो र अन्योलमा परेको छ।" अब पुनः शून्यको अवस्थाबाट नामकरण र राजधानीको विषयमा प्रक्रिया अघि बढाउनुपर्ने अवस्थामा पुगेको उहाँको भनाइ छ।

प्रदेशसभामा दर्ता भएका सबै प्रस्ताव असफल भएपछि पुनः प्रस्ताव आह्वान हुने र प्रस्ताव दर्तासँगै अन्य प्रक्रिया अघि बढ्ने प्रदेशसभा सदस्य सुमनले बताउनुभयो। यसबाट प्रदेश २ को नामकरण र राजधानीको टुङ्गो लगाउने कार्य केही पछि धकेलिएको छ। लामो समयको रस्साकस्सीपछि प्रदेशको राजधानी जनकपुरमै राख्ने विषयमा सहमतिमा पुगेका मुख्य राजनीतिक दलहरु प्रदेशको नामकरणका लागि भएको मतदानसँगै विभाजित बनेका छन्।

प्रदेशको नामकरणका लागि भएको निर्वाचनमा आफूहरुको पक्षमा मतदान नगरेको भन्दै प्रदेशसभा सदस्यले दलगत आधारमै राजधानीको फरकफरक प्रस्तावमा मतदान गरेका छन्। यसका कारण प्रदेश राजधानीका लागि प्रस्तावित कुनै प्रस्तावको पक्षमा पनि दुई तिहाइ मत पुग्न नसकेको प्रदेशसभा सदस्यको भनाइ छ। सबै दलको साझा प्रस्तावका रुपमा दर्ता भएको प्रदेशको राजधानी जनकपुरको प्रस्तावमा भएको मतदानमा पक्षमा ५२ र विपक्षमा ५२ मत नै खस्यो। राजधानी जनकपुरको प्रस्ताव पारित गर्नका लागि भएको मतदानमा तीनवटा मत बदर भएको छ।

नेपालको संविधान, २०७२ अनुसार प्रदेशको नामकरण र राजधानी टुङ्गो लगाउन प्रदेशसभामा कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाइ बहुमत चाहिन्छ तर प्रदेश २ सभामा कुनै पनि दलको स्पष्ट बहुमत छैन। सत्तारूढ समाजवादी पार्टी र राजपासँग सामान्य बहुमत अर्थात् ५४ जनामात्र छ।

कूल १०७ सदस्यीय प्रदेशसभामा नेकपासँग ३२ र नेपाली काँग्रेसका १९ प्रदेश सांसद छन्। अब काँग्रेस वा नेकपामध्ये कुनै एक दलको समर्थन नभएसम्म सत्तारूढ दलले दुई तिहाइ पुऱ्याउन सक्ने स्थिति छैन। यसको परिणाम मङ्गलबारको मतदानले देखाएको छ। मतदानमा सत्तापक्षले अघि सारेको मधेश प्रदेशको पक्षमा ६० मत खस्यो भने विपक्षमा ४७ मत खस्यो।

यस्तै नेकपाले प्रस्ताव गरेको जानकी प्रदेशको पक्षमा ३७ र विपक्षमा ७० मत खस्यो भने काँग्रेसले प्रस्ताव गरेको मिथिला भोजपुरा प्रदेशको पक्षमा २८ मत र विपक्षमा ७९ परेको छ। केही प्रदेशसभा सदस्यले दर्ता गराएको मध्य मधेशको पक्षमा ४२ मत खस्यो भने विपक्षमा ६५ मत खसेको निर्वाचन अधिकृत रञ्जीत यादवले जानकारी दिनुभयो। मतदानले कुनै दलको पक्षमा बहुमत नदिएपछि सत्तापक्ष र प्रतिपक्षबीच जुहारीसमेत शुरु भएको छ। एकपछि अर्को गरी दलको प्रस्ताव असफल भएपछि सत्तापक्ष र प्रतिपक्ष एक अर्का बिरुद्ध खरो अभिव्यक्ति दिन थालेका छन्।

राजपा नेपालका सचेतक परमेश्वर साहले मधेश आन्दोलनको उपलब्धि र सङ्घीयतालाई कमजोर बनाउने मनसायका साथ नेकपा र काँग्रेसले आफूहरुको प्रस्तावको विपक्षमा मतदान गरेको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, "मधेश आन्दोलनको भावनाअनुसार नै हामीले मधेश प्रदेशको प्रस्ताव ल्याएका हौं तर त्यसलाई तुहाएर मधेशवादी दललाई बदनाम गराउन यो प्रस्ताव असफल बनाएका छन्।" प्रदेश सरकारले नामकरण र राजधानी टुङ्ग्याउन नसकेको देखाउनका लागि नेकपा र काँग्रेसले आफूहरुको प्रस्तावको विपक्षमा मतदान गरेको उहाँको कथन छ।

राजपाका सचेतकको भनाइमा कुनै सत्यता नरहेको दाबी गर्दै नेकपाका सचेतक सुन्दर विश्वकर्माले प्रदेशको नामकरण गर्न असफल भएको सत्तापक्ष आफूलाई जोगिनका लागि अरूमाथि आरोप लगाएको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "प्रदेशसभामा कुनै पनि दलको दुई तिहाइ नहुँदा नहुँदै किन प्रस्तावलाई मतदानमा लगियो ? यो त पहिलै थाहा थियो कि सहमतिमा नगए यो प्रस्ताव असफल हुन्छ भनेर।"

जबर्जस्ती मतदानमा जानुको परिणाम यस्तो भएको उहाँको तर्क छ। "प्रदेशको राजधानीको विषयमा सहमति भइसकेकाले पहिला राजधानीको प्रस्तावमा मतदान गरौं अनि मात्रै नामकरणमा जाऔं भन्ने सहमति भएको थियो", सचेतक विश्वकर्माले भन्नुभयो, "तर सत्तापक्षले हैन, पहिला नामकरण गरेरै जाऔं अनि मात्रै राजधानी टुङ्ग्याउला भन्ने कुरा गरेपछि हामी पनि त्यसमा सहमत भयौं।" सत्तापक्षको कुरालाई मानेर जाँदा नामकरणसँगै अघि नै सहमति भइसकेको राजधानीको प्रस्तावसमेत असफल भएको उहाँको भनाइ छ।

सहमति भइसकेको राजधानी जनकपुरको प्रस्ताव असफल भएपछि आफूहरु अच्चममा परेको सुनाउँदै उहाँले यसबाट सत्तापक्षमाथि गम्भीर प्रश्न उब्जिएको बताउनुभयो। यसरी दलका नेताहरुको मत विभाजित हुँदा प्रदेशसभा गठन भएको २ वर्षमा भए पनि प्रदेशको नाम र राजधानी पाउने जनताको विश्वासमाथि थि तुषारापात भएको अधिवक्ता तथा राजनीतिक विश्लेषक डोमन साहको भनाइ छ। हुन त प्रदेशको राजधानी जनकपुर नै बनाउनुपर्नेमा धेरैको सहमति रहे पनि दल मात्रै होइन, प्रदेश २ को नामकरणको विषयमा सर्वसाधारणको मतसमेत बढी विभाजित भएको पाइन्छ।

प्रदेशको नाम, स्थायी राजधानी र भाषाबारे प्रदेशवासीको भावनालाई बुझ्न प्रदेश २ सरकारले गत ०७५ साल कात्तिक ११ गते डा हरिवंश झाको संयोजकत्वमा गठन गरेको तीन सदस्यीय आयोगले प्रदेशको आठवटै जिल्लामा पुगेर जनमत बुझेका थिए।

आयोगले जनस्तरबाटै सुझाव सङ्कलन गर्ने क्रममा विभिन्न दलबीच प्रदेशको राजधानी जनकपुर नै उपयुक्त भए पनि नामकरणको विषयमा तीव्र विवाद देखिएको थियो। त्यही विवादका कारण आयोगले प्रदेश सरकारलाई बुझाएको प्रतिवेदनमा प्रदेश २ को नामकरणको विषयमा प्रस्ट पारिएको थिएन। त्यसैले प्रदेश २ सभामा कुनै पनि दलसँग दुई तिहाइ मत नभएको अवस्थामा प्रदेशसभाभित्र कुन दलले कुन रणनीति बनाएर आफ्नो 'एजेन्डा' पारित गराउन सक्छ भन्ने आङ्कलन गर्न सक्ने अवस्था तत्काल नरहेको जानकार बताउँछन्।

यस्तो अवस्थामा प्रदेशसभाभित्र प्रदेशको नामकरण र राजधानीको विषयमा दलबीच ठूलै भिडन्तको सम्भावना छ। त्यसैले दलले आफ्नो दलगत स्वार्थ त्यागेर सहमतिमै प्रदेशको नाम टुङ्ग्याउँदा उचित हुने नागरिक सञ्जालका अध्यक्ष सुखराम यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "सबै दलले आफ्नो दलगत स्वार्थभन्दा माथि उठेर सबै प्रदेशवासीको पहिचान झल्कने गरी सहमतिमै नामकरण गर्दा उचित हुन्छ।"

सबै दलको कार्यसुची फरकफरक हुनु स्वभाविक भए पनि प्रदेशवासी अधिकांश जनताको भावनालाई बुझेर दलीय सहमतिमै यी विषयको हल खोज्नुपर्ने उहाँको भनाइ छ। सार्वभौम प्रदेशसभा संसद्मा जबर्जस्ती कुनै प्रस्ताव पारित गराउन खोजिए प्रदेशका लागि दुर्भाग्य हुन सक्ने उहाँको तर्क छ।

*कोभिड-१९ ...*

कारवाही गरिनेछ, दैनिक उपभोग्य अत्यावश्यक सामग्रीको पर्याप्त मौज्दात भएकाले आम उपभोक्तालाई आवश्यकभन्दा बढी सामग्री खरीद र अनावश्यक सञ्चय नगर्न अनुरोध गर्दछौं।" यसको अनुगमन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछ।

त्यसैगरी सरकारले आवागमनमा लगाएको प्रतिबन्धका कारणले आफ्नो मुलुक फिर्ता जान नसकेका विदेशीको प्रवेशाज्ञा अवधि नियमित गर्न निर्धारित प्रवेशाज्ञा अवधिभित्र आवेदन गरेमा प्रचलित कानूनबमोजिम प्रवेशाज्ञा नियमित गर्ने भएको छ। मन्त्री डा खतिवडाले भन्नुभयो, "कुनै यात्रुले नेपाल सरकारद्वारा ट्राभल एडभाइजरी जारी गरेको अवधिको उडानको यात्रा स्थगन गरेको अवस्थामा वा वायुसेवा कम्पनीले आफैं उडान रद्द गरेका अवस्थामा हवाइ टिकट रद्द गर्दा वा यात्रा मिति परिवर्तन गर्दा कुनै शुल्क नलिने व्यवस्था गर्ने र हवाइ टिकट रद्द गर्दा पूरै रकम फिर्ता गर्न सबै वायुसेवा कम्पनीलाई निर्देशन दिइनेछ।"

त्यसैगरी सार्वजनिक यातायातका सवारीधनीलाई यातायात साधन चलाउनुअघि प्रत्येक दिन समयसमयमा सवारी साधनलाई सफा गर्न लगाउनाका साथै होटल, रेष्टुराँ तथा सपिङ मलमा हात सफा गर्नेलगायत सफाइका सामग्रीको प्रबन्ध गरी टेबुल, कुर्सी, बार-रेलिङ र शौचालय आदि स्थानमा नियमितरुपमा सफा गर्न लगाइनेछ। साथै तापक्रम मापन गर्ने उपकरण तथा सामग्रीको व्यवस्था गरी उक्त स्थानमा प्रवेश गर्ने व्यक्तिको स्वास्थ्य जाँच गरिनेछ। सरकारले अवैधरुपमा लुकाइ राखिएको अवस्थामा फेला परेका र गृह मन्त्रालयबाट जफत गरिएका मास्कमध्ये पाँच लाख थान स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई र बाँकी साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडमार्फत बिक्री वितरण गर्ने प्रबन्ध मिलाउने भएको छ।

## विश्व समाचार

### पाकिस्तानी प्रधानमन्त्रीद्वारा कोभिड-१९ विरुद्ध राष्ट्रिय एकताको आग्रह

इस्लामाबाद, ५ चैत (रासस/सिन्ह्वा)।

पाकिस्तानी प्रधानमन्त्री इमरान खानले राष्ट्रलाई एक टेलिभिजनमा गरेको सम्बोधनमा कोभिड-१९ विरुद्धको युद्ध जित्ने जिम्मेवारीका साथ एकताको माग गर्नु भएको छ। मङ्गलबार साँझ एक टेलिभिजनमार्फत प्रधानमन्त्रीले भन्नु भो, "हामी जिम्मेवार राष्ट्र हौं भनेर प्रमाणित गर्न हामीले आफूलाई र अरूलाई रक्षा गर्नु आवश्यक छ। सरकारले यस रोगलाई नियन्त्रण गर्न, स्वास्थ्य सेवा उपलब्ध गराउन र आपूर्ति सुनिश्चित गर्न यथासक्य प्रयास गर्नेछ।' खानले आफुलाई न्याय गर्न घरमै बस्न, सार्वजनिक सभामा उपस्थित हुनबाट जोगिन तथा अन्य सावधानी अपनाउदै कोभिड- १९ लक्षण भएमा मात्र मेडिकल जाँचको लागि अस्पताल गई सरकारलाई सहयोग गर्न आग्रह गर्नु भएको छ। प्रधानमन्त्रीले मानिसहरुलाई यो रोगको विरूद्ध लड्न चीनबाट सिक्न आग्रह गर्नु भएको र भाइरस फैलाउन नदिने रोकथामको लागि चीनले गरेको सफल प्रयासको प्रशंसा गर्नु भएको छ। पाकिस्तान निरन्तर चीनको सम्पर्कमा रहेको खानले बताउनु भएको छ। चीनले पहिले नै पाकिस्तानलाई सहयोग गरिरहेको र तर पाकिस्तानले अझ बढी चीनबाट सिक्नु पर्ने आवश्यक रहेको खानले बताउनु भएको छ। पाकिस्तानमा कम्तीमा २३५ जनालाई कोभिड-१९ पोजेटिभ देखिएको छ। कोरोना भाइरसबाट अर्थव्यवस्थामा पर्ने प्रभावलाई कसरी सामना गर्ने भन्ने विषयमा सरकारको आर्थिक कमिटीले निर्धारण गर्ने पनि उहाँले बताउनु भएको छ। सरकारले निर्यातकर्ताहरू र नोक्सान भोग्नेहरूलाई सहयोग पुऱ्याउने पनि उहाँले बताउनु भयो। देशले सबै सार्वजनिक र निजी शैक्षिक संस्थाहरू, विवाहका पार्टी हलहरू, सांस्कृतिक केन्द्रहरू, सिनेमाघरहरू बन्द गरेको छ, र सबै खेलकुद गतिविधिहरू र आधिकारिक कार्यक्रमहरू रद्द गरेको छ। पाकिस्तानले यसको पश्चिमी सीमाबाट ईरान र अफगानिस्तानबाट आउने नागरिकलाई पनि रोकेको बताइएको छ। साथै उक्त नाकाबाट सीमा पार गरी नागरिकलाई बाहिरिन पनि रोकेको बताइएको छ। देशले यस रोगका विरुद्ध लड्न विशेष कार्यक्रमका साथ अघि बढेको र केही व्यक्तिको परिचालन गर्नुको साथै देशका सबै नाकाहरुबाट प्रवेशमा कडाई गरेको छ। क्वारान्टाइन केन्द्रहरू पनि स्थापना भइरहेका प्रधानमन्त्रीले बताउनु भएको छ।

### चीनमा बुधबार एकजना मात्र कोरोना सङ्क्रमित भेटिए

बेइजिङ, ५ चैत (रासस/एएफपी)।

चीनमा बुधबार कोरोना भाइरसका एकजना सङ्क्रमित भेटिएका छन् तर यसको सङ्क्रमण भएका करिब एक दर्जन नागरिक भने बाहिरबाट आएको जनाइएको छ। गत वर्षको अन्तमा भाइरस पहिलो पटक देखा परेको मध्यशहर उहानमा लगातार दोस्रो दिन एकमात्र सङ्क्रमणको घटना पाइएको राष्ट्रिय स्वास्थ्य आयोगले जनाएको छ। हुबेई प्रान्तको वरिपरि नयाँ सङ्क्रमण विगत सात दिनमा नौभन्दा कम सङ्क्रमित पाइएको बताइएको थियो। फेब्रुअरीको शुरुमा चीनको हुबेइ प्रान्तको उहान शहरमा दिनहुँ हजारौँको सङ्ख्यामा कोरोना भाइरसका सङ्क्रमित हुने गरेकोमा गएको हप्तामा नौ जनाभन्दा कम मात्र बिरामी पाइएको सो आयोगले जनाएको छ। उहाँन शहरमा गत जनवरी २३ मा ११ करोड मानिसलाई अलग्गै राखिएको थियो। तर हालैका दिनमा प्रान्तको केही भागमा प्रतिबन्धमा सहजता आएको छ। चीनले यो भाइरसको फैलावटलाई "मौलिकरुपमा रोकेको" जनाएको छ हाल चीनमा स-साना शहरले स्वस्थ मानिसलाई काममा फर्काउन वा आफ्नो गाउँ फर्काउन अनुमति दिएका छन्। बाहिरबाट चीन पुगेका नागरिकमा देखिएको सङ्क्रमण चीनका लागि बढ्दो चिन्ताको विषय बनेको छ। बुधबार थप १२ जनामा कोरोना भाइरस सङ्क्रमण भेटिएको र यो सङ्ख्या कूल १५५ पुगेको बताइएको छ। सरकारका अनुसार प्रत्येक दिन औसत २० हजार मानिस चीनमा उडान गरिरहेका छन्। दश चिनियाँ प्रान्त र शहरले विदेशबाट आएका व्यक्तिलाई अनिवार्य क्वानरन्टाइनमा राखेको छ। चीनले गत बुधवार ११ जनाको मृत्यु भएको जनाएको छ। चीनको हुबेई प्रान्तको उहानबाट शुरु भएको यस कोरोना भाइरस सङ्क्रमणबाट चीनभरी चीन हजार २३७ व्यक्तिको मृत्यु भएको छ भने ८० हजार ८९४ जना सङ्क्रमित रहेका छन्।

### कोरोनाका कारण अमेरिकामा मृत्यु हुनेको संख्या १०० नाघ्यो

न्यूयोर्क, ५ चैत (रासस/सिन्ह्वा)।

कोरोना भाइरसका कारण विश्व शक्तिशाली राष्ट्र अमेरिकामा मात्रै मृत्यु हुनेको सङ्ख्या एक सय नाघेको छ। जोहन्स होप्कीन विश्वविद्यालयमा रहेको विज्ञान तथा इन्जिनियरिङ्ग केन्द्रअनुसार बिरामी हुनेको सङ्ख्या भने छ हजार नाघेको छ। अधिकारीका अनुसार पछिल्लो सात घण्टामा झण्डै एक हजार बिरामी बढेर कूल बिरामीको सङ्ख्या छ हजार २३२ पुगेको छ। त्यसैगरी मृत्यु हुनेको कुन सङ्ख्या १०५ पुगेको अधिकारीले जानाकारी दिएका छन्। अष्ट्रेलियामा छैठौं व्यक्तिको मृत्यु भएको छ। स्वाथ्यकर्मीले बुधबार दिएको जानकारीअनुसार ८६ वर्षीय एक पुरुषको मृत्युभएको हो। उनको सिड्नी अस्पतालमा मङ्गलबार राति मृत्यु भएको अधिकारीले पुष्टि गरेका छन्। उनीहरुले मृतकका परिवारजनप्रति समवेदना पनि व्यक्ति गरेका छन्। अष्ट्रेलियामा अहिलेसम्म सङ्क्रमितको सङ्ख्या ५०० नाघेको छ भने दैनिक सयौँको सावस्थ्य परीक्षण भइरहेको छ। जापानमा कोरोना भाइरसबाट सङ्क्रमितहरुको सङ्ख्या ८६८ पुगेको छ। बुधबार विहानसम्मको विवरण अनुसार कूल ३६ जनाको मृत्यु भएको छ।भारतमा दिनप्रतिनिधि बिरामीको सङ्ख्या बढ्दै गएर बुधबारसम्म १४७ पुगेको छ। अघिल्लो दिनभन्दा बुधबार कूल सङ्ख्यामा दश जना थपिएका हुन्। भारतका हालसम्म कोरोना भाइरस सङ्क्रमणका कारण तीन व्यक्तिको मृत्यु भएको छ। कूल सङ्क्रमितमध्ये १२[illegible] जना स्वदेशी र अन्य बिरामी विदेशी भएको भारतको स्वाथ्य मन्त्रालयले जनाएको छ। भारतको विषेशगरी महाराष्ट्रमा सबैभन्दा धेरै बिरामी भेटिएका छन् भने केरला, उत्तर प्रदेश र कर्नाटकमा पनि कोरोना भाइरसबाट सङ्क्रमित बिरामी रहेका छन्। इजरायलमा थप नब्बेजना सङ्क्रमित थपिएका छन्, योसँगै सङ्क्रमितको सङ्ख्या ४२७ पुगेको अधिकारीले जनाएका छन्। कोरोना भाइरसका कारण भियतनाममा कूल ६८ जना बिरामी भएका छन्।

# मापदण्ड विपरीतका सामानहरु नष्ट

दैनिक समाचारदाता
राजविराज, ५ चैत ।

सप्तरीको बोदेबर्साईन नगरपालिका ५ बर्साईन बजारमा रहेका बिभिन्न पसलहरुबाट म्याद गुज्रिएका तथा मापदण्ड विपरीत विभिन्न सामाग्रीहरु बुधबार नष्ट गरिएको छ ।

ईलाका प्रशासन कार्यालयका प्रतिनिधि, खाध प्रविधि गुण नियन्त्रणको प्रतिनिधि, नागरिक समाज, पत्रकार, नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले बजार अनुगमनका क्रममा मापदण्ड बिपरितका सामानहरु खाल्डो खनि नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

नष्ट गरिएका सामानहरुमा कर्णाली गोल्ड रक्सी २५ थान, कस्तुरी रक्सी २० थान, खानेतेल ७ लिटर, कुखुराको मासु ४ के.जी., दालमोठ भुजिया २ प्याकेट र. बियर १२ थान रहेको प्रहरीले जनाएको छ ।

# भन्सार छलेको कपडा, पिकअप र दुई व्यक्ति प्रहरी नियन्त्रणमा

दैनिक समाचारदाता
राजविराज, ५ चैत ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका ८ तोपाबाट प्रहरीले भन्सार छलेको रेडिमेड कपडासहित पिकअप नियन्त्रणमा लिएको छ ।

तोपा चोकस्थित भारतबाट भन्सार छलेर नेपालतर्फ अवैध रुपमा को.२च. २६४९ नं.को पिकअप गाडीमा रेडिमेड कपडा ९ सय ३५ थान प्रहरीले नियन्त्रणमा लिएको हो ।

प्रहरीले कपडा र पिकअपसहित स्थानिय २४ वर्षिय सरोज कुमार देब र १९ वर्षिय राम कुमार यादबलाई पनि नियन्त्रणमा लिएको जनाएको छ ।

यता नियन्त्रणमा लिएको कपडा, पिकअप र दुबै व्यक्तिलाई प्रहरीले आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखेको जनाएको छ ।

# तीस लाख बराबरको ओखर बरामद

दैनिक समाचारदाता
बारा, ५ चैत ।

अवैध रुपमा भारततर्फ लैजादै गरेको ३० लाख बराबरको ओखर प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साले बीरगंज महानगरपालिका १९ स्थितबाट ट्कमा लोड गरि भारततर्फ लैजादै गरेको अवस्थामा सो मात्राको ओखर बरामद गरेको हो ।



ओखरसहित प्रहरीले बीरगंज महानगरपालिका १९ बस्ने २८ वर्षिय अनोज रामलाई नियन्त्रणमा लिएको जनाएको छ ।

यता बरामद गरिएको ओखर, ट्रक र रामलाई समेत नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी बीरगंज भन्सार कार्यालयमा बुझाएको पर्सा प्रहरीले जनाएको छ ।

# मटरसहित भारतीय व्यक्ति पक्राउ

दैनिक समाचारदाता
बारा, ५ चैत ।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटेको टोलिले नेपालबाट भारततर्फ लैजादै गरेको १ सय ५० किलो मटरसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।



जिल्ला बारा सिम्रौनगढ नगरपालिका ६ अमरपुरस्थित सिमानाकामा नेपालबाट साईकलमा मटर बोकि भारततर्फ लैजादै गरेका भारत बिहार मोतिहारी जिल्ला ग्राम बिजबनि बस्ने आलोक कुमारलाई एक सय ५० किलो मटरसहित पक्राउ गरेको जनाएको छ ।

यस्तै ईलाका प्रहरी कार्यालय सिम्रौनगढ बाराबाट खटिएको प्रहरी टोलीले जिल्ला बारा सिम्रौनगढ नगरपालिका १ पथलवाघाटस्थित पोखरिको डिलमा चोरि पैठारी गर्नको लागि लुकाई छिपाई १६ बोरा ८ क्विन्टल मटर र ३३ बोरा १६ क्विन्टल मटरको दालसमेत बरामद गरेको छ ।

# बढी मुल्यमा पेट्रोल बिक्रि गर्ने तीन पक्राउ

दैनिक समाचारदाता
राजविराज, ५ चैत ।

सप्तरीको सुरुङगा नगरपालिकाबाट प्रहरीले पेट्रोलको कालोबजारी गरि बढी मुल्यमा बिक्रि गर्दै गर्दा तीन व्यक्तिलाई पक्राउ गरेको छ ।

सो नगरपालिका ५ कुसहास्थित बिभिन्न पसलहरुमा अवैध रुपमा प्रति लिटर एक सय २० रुपैयामा पेट्रोल बिक्रि गर्दै गर्दा सुरुङ्गा ७ का अली हसन, अरुण चौधरी र वडा नं. ५ का नारायण भगतलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका तीनै जनालाई २४ लिटर पट्रोलसहित आवश्यक कारवाहीका लागी ईलाका प्रहरी कार्यालय कडरबोनामा थप अनुसन्धानका लागि नियन्त्रणमा राखिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## *निर्माण ...*

विद्यालय आवत जावत गर्दा बालबालिकाहरु खसेर दैनिक जसो दुर्घटना हुने गरेको स्थानिय चन्दन यादवले दुखेसो पोखे ।

दुई वर्ष अघिदेखि सुरु भएको निर्माण कार्य आगामी २०७७ आषढ महिना भित्र सम्पन्न गरि सक्नुपर्ने सम्झौतामा उल्लेख छ । तर सम्झौता म्याद सकिन तीन महिना मात्र बाँकी रहँदा ५० प्रतिशत पनि काम नभएको स्थानियले गुनासो गरेका छन् ।

# अवैध घरेलु मदिरा र भट्टी नष्ट

दैनिक समाचारदाता
बारा, ५ चैत ।

ईलाका प्रहरी कार्यालय कोल्हवी, प्रहरी चौकी पथलैया र अस्थाई प्रहरी पोष्ट डुमरबाना बाराले बाराको जितपुरसिमरा उपमहानगरपालिका, कोल्हवी नगरपालिका लगायत अन्य विभिन्न स्थानहरूबाट अवैध घरेलु मदिरा उत्पादन गर्ने भट्टीहरू नष्ट गरेको छ ।

प्रहरीले अवैध मदिरा भट्टीहरु खोजतलास गर्ने क्रममा कच्चा पदार्थ २ हजार लिटर र तयारी मदिरा २ सय लिटर नष्ट गरेको जनाएको छ ।

यसै गरी ईलाका प्रहरी कार्यालय अम्लेखगंज बाराबाट खटिएको प्रहरी टोलीले जिल्ला बारा जितपुर सिमरा उपमहानगरपालिका २१ स्थित चकरी गाउँ जाने बाटोमा विक्रि गर्न राखिएको तयारी मदिरा ५ सय लिटर बरामद समेत गरेको छ ।

## बोलपत्र आह्वान सम्बन्धी सूचना ॥।

**प्रथम पटक प्रकाशित मिति : २०७६/१२/६ गते ।**

सेभ द चिल्ड्रेन संगको साझेदारीमा सवल नेपाल राजबिराज र सेभ द सप्तरी राजविराजद्धारा सप्तरी जिल्लामा समुन्नती परियोजना संचालन भईरहेको छ । यस परियोजना अन्तर्गत सप्तरी जिल्लाको बिभिन्न नगरपालिका/गाउँपालिका (सूरुङ्गा, खडक, तिलाठी कोईलाडी, छिन्नमस्ता, राजबिराज र बिष्णुपूर) मा युवाहरुका लागी व्यावसायिक तालिम दिई रोजगारको सुनिश्चितता गर्न सक्ने इच्छुक तालिम तथा रोजगार प्रदायक संस्था/कम्पनी/फर्महरुबाट तल उल्लेखित शर्तहरुको अधिनमा रहने गरी शिलबन्दी दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ ।

### शर्तहरु :

- संस्थादर्ता र नविकरण गरिएको प्रमाण पत्र ।
- नेपाल सरकारबाट व्यवसायिक तालिम संचालनका लागी विवरण सहितको ईजाजत प्रमाण पत्र ।
- मूल्य अभिबृद्धि कर तथा आयकरमा दर्ता भएको प्रमाण पत्र
- आ. व. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्र
- आ. व. २०७५/०७६ को लेखापरिक्षणको (Audit report) प्रतिबेदन
- संस्थाको तालिम प्राप्त युवाहरुलाई रोजगार सिर्जनाका लागि स्वघोसित प्रतिवद्धता ।
- संलग्न हुने जनशक्तिको ब्यक्तिगत बिवरण (Bio-Data)
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था र सरकारी कार्यालय लगायत अन्य संघ संस्थाहरुमा सेवा प्रदान गर्दै आईरहेको तथा बाल सुरक्षा नीति अबलम्बन गरेकोलाई विशेष ग्राहयता दिइनेछ ।
- शिलबन्दी दरखास्त आवश्यक सम्पूर्ण कागजात सहित पेश गर्ने समयावधी मिति २०७६।१२।६ गते देखि २०७६।१२।२० गतेसम्म विहान १०:०० बजेदेखि ०५:०० बजेसम्म रहनेछ र सो समयावधी पश्चात प्राप्त शिलबन्दी दरखास्त स्वत: बदर ठहरिनेछ । प्राप्त बोलपत्रहरु सम्बन्धित बोलपत्र पेश कर्ताहरुको उपस्थितीमा मिति २०७६/१२/२१ गते शुक्रबारका दिनको ३ बजे सबल नेपालको केन्द्रीय कार्यलय राजविराज, सप्तरीमा खोलिने छ । तोकिएको मिति, समय र स्थानमा बोलपत्र पेशकर्ता उपस्थित नभएको खण्डमा समेत बोलपत्र खोल्न सकिनेछ ।
- यस शिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय संस्थाको खरिद समितिमा निहित रहनेछ ।

यस शिलबन्दी बोल पत्र सम्बन्धी बिस्तृत विवरण प्राप्त गर्नका लागि कार्यालय समय भित्र संस्थाको तल उल्लेखित कार्यालयमा सम्पर्क राख्न सकिनेछ र व्यावसायिक तालिम सम्बन्धी सामाग्रीहरुको Quotation फारम र TOR संस्थामा नि:शुल्क उपलब्ध गराईनेछ वा संस्थाको वेबसाईटबाट Download गर्न सकिनेछ तथा ईमेल मार्फत पनि अनुरोधको आधारमा प्राप्त गर्न सकिनेछ ।

**बिस्तृत जानकारी तथा बोलपत्र पेश गर्ने सम्पर्क ठेगाना :**

**सबल नेपाल**
मुख्य कार्यालय, राजबिराज -१, सप्तरी
फोन नं. ०३१ ५२३४४१

सेभ द सप्तरी
राजबिराज सप्तरी
फोन नं.०३१ ५२०९४२

**वा**

**सबल नेपाल**
फिल्ड कार्यालय, खडक नगरपालीका कल्याणपूर (ग्रामिण विकास बैंकको उतर पट्टी)
इमेल : procurementsabal@gmail.com

(नोट : यो सुचना यस संस्थाको वेब पेज www.sabalnepal.org.np or www.savethesaptari.org.np मा पनि हेर्न सकिनेछ ।)


स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क

स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np